# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

## टंगाल, काठमाण्डौ

मिति: २०७५/०२/२३ गते

## प्रेस विज्ञप्ति

### विषय: घुस रकम सहित नियन्त्रणमा लिइएको ।

---

जिल्ला प्रशासन कार्यालय सर्लाहीमा कार्यरत प्रशासकीय अधिकृत सुरेशप्रसाद दासले सेवाग्राहीलाई गुणस्तर सम्बन्धी दस वर्ष पहिलेको मुद्दा मिलाई दिने प्रलोभन देखाई घुस रकम माग गरिरहेको भन्ने उजुरी एवं सूचनाको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय वर्दिबासबाट खटिई गएको टोलीले निजलाई रु.५०,०००।-(पचास हजार) घुस वापतको रकम लिंदा लिंदैको अवस्थामा मिति २०७५।०२।२३ गते जिल्ला अदालत सर्लाही अगाडिबाट नियन्त्रणमा लिई अनुसन्धान कार्य भइरहेको छ ।

(रामेश्वर दंगाल)
सह-सचिव एवं प्रवक्ता